

दोर्दी गाउँपालिका

स्थानीय राजपत्र

खण्ड : ०२ संख्या: ०१ मितिः २०७५/०३/१५

भाग-१

दोर्दी गाउँपालिका

दोर्दी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति

२०७५।०३।०९

प्रस्तावनाः नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दोर्दी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नाम दोर्दी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन दोर्दी गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले दोर्दी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले दोर्दी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका"भन्नाले दोर्दी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले दोर्दी गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा वा धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम

गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दोर्दी गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही दोर्दी गाउँपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,

प्रमाणीकरण मिति:२०७५/०३/०९ बिजयराज पौडेल प्रमुख प्रशासकिय अधिकृत